## कृषि स्नातकोत्तर तह वाली विज्ञान विषय र बागवानी विषयका लागि प्रवेश परिक्षाको आवेदन फारम खुलेको सूचना

**प्रकाशित मितिः २०८२/१०/०८ गते**

शैक्षिक सत्र २०८२/०८३ मा यस सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायको स्नातकोत्तर तह वाली विज्ञान (Agronomy) र बागवानी (Horticulture) विषयमा खुल्ला कोटामा १० सिट र सेवाकालिन विद्यार्थीहरुको लागि २ -सिट गरि जम्मा १२ सिट प्रति विषयकोलागी विद्यार्थी भर्ना गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पूगेका इच्छुक विद्यार्थीहरुले प्रवेश परीक्षाको लागि मिति २०८२ /१०/०८ गते देखि २०८२/१०/२९ गते सम्म online तथा off-line आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ। आवेदकले http://agriculture.fwu.edu.np लिंक मार्फत माग गरिएका कागजातहरु अपलोड गरि online वा माग गरिएका कागजातहरु सहित डीनको कार्यालय टीकापुर कैलालीमा आई फाराम भर्नुपर्नेछ। आवेदनमा माग गरिएका कागजातहरु अपुग भएमा वा कागजात तथा आवश्यक लिखित विवरणहरु साँचो नभएको खण्डमा आवेदन स्वीकृत गरिने छैन।

### १.आवेदकको न्यूनतम शैक्षिक योग्यता

B.Sc. Ag. तह कम्तिमा दोस्रो श्रेणीमा उत्तीर्ण (५०% वा ४ मा २.५ जिपिए ल्याएको हुनुपर्ने)।

### २. आवेदन तथा परीक्षा शुल्क

स्नातकोत्तर तहमा कृषि वाली विज्ञान र बागवानी विषयको प्रवेश परीक्षाका लागि प्रवेश परिक्षा शुल्क रु. २,५००/- ( दुई हजार पाँच सय रुपैयाँ मात्र) लाग्ने छ। उक्त रकम कृषि विज्ञान संकाय, डीनको कार्यालय, च.हि.खा. नं. १०७००१०६५५३९२५००००01 नेपाल बैंक लिमिटेड, टीकापुर शाखामा दाखिला गरेको बैंक भौचर संग्लग्न गरि आवश्यक सम्पूर्ण कागजात (नागरिकताको प्रमाण-पत्र, SEE, +२/इंटरमीडिएट तह, वि एस्सी एजी तह को प्रमाण पत्र, चारित्रिक प्रमाण पत्र, लब्धांक पत्र, माइग्रेसन/ट्रान्सफर सर्टिफिकेट) pdf file बनाई कृषि विज्ञान संकाय, डीनको कार्यालयमा बुझाउने, http://agriculture.fwu.edu.np वा ईमेल मार्फत agriculture@fwu.edu.np वा dean.agriculture@fwu.edu.np मा पठाउन सकिने छ।

### ३. आवेदन, प्रबेश पत्र वितरण, परीक्षा सञ्चालन एबं नतीजा प्रकाशन सम्बन्धी तालिका

| | |
|---|---|
| आवेदन पेश | मिति २०८२ /१०/०८ गते देखि २०८२/१०/२९ |
| प्रबेश पत्र वितरण | मिति २०८२/११/०१ गते देखि online मार्फत वितरण गरिनेछ। |
| प्रवेश परीक्षा | मिति २०८२/११/०५ गते विहान ११:००-१२:३० बजेसम्म |
| नतीजा तथा मेरिट सूचि प्रकाशन | मिति २०८२/११/०५ गते ५ वजे भित्र |
| प्रवेश परीक्षा केन्द्र | कृषि विज्ञान संकाय, स्कूल अफ एग्रीकल्चर, टीकापुर, कैलाली |

नोटः प्रवेश पत्र http://agriculture.fwu.edu.np मार्फत या कृषि विज्ञान संकाय, डीनको कार्यालय मार्फत प्राप्त गर्न सकिनेछ। प्रवेश परीक्षाको दिन विधार्थीहरुले प्रवेश पत्रको साथमा नागरिकताको सक्कल अनिवार्य रुपमा ल्याउनु पर्नेछ।

CamScanner

## ४. प्रवेश परीक्षाको विषयगत प्रश्नहरुको अंकभार

स्नातकोत्तर तहमा कृषि वाली विज्ञान विषयको प्रवेश परीक्षाको लागि कृषि विज्ञान स्नातक तहमा अध्यापन हुने विभिन्न विषयहरुमध्यबाट तपसिल बमोजिमका विषयहरुबाट १०० वटा वस्तुगत प्रश्नहरु सोधिनेछन । परीक्षाको आवधि ९० मिनेटको हुनेछ ।

| S. No. | Subject | Marks |
|---|---|---|
| 1 | Agronomy | 10 |
| 2 | Horticulture | 10 |
| 3 | Soil Science & Ag. Engineering | 10 |
| 4 | Ag. Economics, Sociology & Extension | 10 |
| 5 | Plant Breeding | 10 |
| 6 | Plant Protection | 10 |
| 7 | Animal Sciences | 10 |
| 8 | Crop Physiology, Biochemistry & Ecology | 10 |
| 9 | Statistics and mathematics | 10 |
| 10 | Aquaculture | 5 |
| 11 | General Knowledge | 5 |

## ५. योग्यताक्रम एवं कोटा

५.१ प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत कायम गरिएको छ र प्रवेश परीक्षाको प्राप्ताङ्कलाई शत प्रतिशत मानी योग्यताक्रम निर्धारण गरिनेछ ।

५.२ प्रवेश परीक्षाको प्राप्ताङ्क बराबर भएमा क्रमश: निम्न विषयहरुमा प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको आधारमा योग्यताक्रम निर्धारण गरिनेछ ।

| Subject | Priority Order |
|---|---|
| Agronomy / Horticulture | 1 |
| Crop Physiology, Biochemistry & Ecology | 2 |
| Statistics and mathematics | 3 |
| Plant Breeding | 4 |
| Plant Protection | 5 |
| Soil Science & Agriculture Engineering | 6 |

५.३ कृषि स्नातकोत्तर तहमा वाली विज्ञान र बागवानी विषयका निम्ति कूल कोटाको १०% पूर्ण छात्रवृत्ति, १०% आंशिक (५०%) छात्रवृत्ति र बाँकी ८०% पूर्ण शुल्क (IDF) कोटा हुनेछ ।

डिनको कार्यालय
कृषि विज्ञान संकाय
टीकापुर, कैलाली

CamScanner

५.४ सेवाकालीन कोटामा अध्ययन गर्न नेपाल सरकार या यस अन्तर्गतका निकायहरुमा वा गैह्र सरकारी वा कृषि कम्पनीहरुमा न्यूनतम ३ वर्ष स्थायी वा अस्थाई सेवामा रहेका आवेदकहरु हुनुपर्नेछ र निजहरुले प्रवेश परीक्षामा उत्तीर्ण भएको हुनु पर्नेछ ।

## ६. अन्य आवश्यकता

६.१ यस सूचनामा स्पष्ट नभएका वा उल्लेख नभएका विषयहरुको सम्बन्धमा सु.प.वि. प्राज्ञीक समितिको निर्णय र स्नातकोत्तर तह सञ्चालन समितिको निर्णय मुताविक हुनेछ ।

६.२ आवेदनको समयमा स्नातक तहको लब्धांक पत्र (Transcript) पेश गर्न नसकेका आवेदकहरुले भर्नाको समयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६.३ नेपाल बाहिरका शैक्षिक संस्थाबाट स्नातक तह उत्तीर्ण गरेका आवेदकहरुले भर्नाको समयमा समकक्षता (Equivalence) को प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

६.४ कृषि स्नातकोत्तर तहमा भर्ना हुन वा अन्य जानकारीका लागि फोन नं. ०९१-५६०२६५, ९८५५०५३८२० मा वा agriculture@fwu.edu.np मा सम्पर्क गर्न सकिनेछ ।

डिनको कार्यालय
कृषि विज्ञान संकाय
टीकापुर, कैलाली

२०८२।१०।०८

डा. विष्णु विलास अधिकारी
डीन एवं भर्ना समिति संयोजक
कृषि विज्ञान संकाय, सुदूरपश्चिम विश्वविद्यालय
टीकापुर, कैलाली ।

CamScanner